# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ६३ | बुटवल | २०८१ फागुन १४, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Feb. 26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**सडकको संरक्षण गरौं।**

-सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो, त्यसैले,

-सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं।

-निर्माण सामग्री सडकमा नथुपारौं।

-सडकमा सवारी साधन धुने नगरौं।

-सडकका नालीमा अवरोध नगरौं।

-सवारी आवागमनमा बाधा नपुऱ्याऔं।

नेपाल सरकार विज्ञापन बोर्ड




**शिवरात्रिको उल्लास :**
शिवरात्रि पर्वका अवसरमा शिव मन्दिरहरु झिलीमिली भएका छन्। मंगलबार शिवरात्रिका दिन हिन्दु समुदायले शिव मन्दिरहरूमा पूजा आराधना गरी यो पर्व मनाउँछन्। पाल्पाको सिद्धबाबा मन्दिरलाई पनि झिलिमिली बनाइएको छ। *तस्विरः दैनिक लुम्बिनी।*

# प्रेम सम्बन्ध विवादको झडपमा १५ प्रहरीसहित २० जना घाइते



**लुम्बिनी संवाददाता**

*परासी*

प्रेम सम्बन्धको विषयलाई लिएर उत्पन्न विवादमा झडप हुँदा पश्चिम नवलपरासीमा २० जना घाइते भएका छन्। जिल्लाको पाल्हीनन्दन गाउँपालिका वडा नम्बर ३ बेलासपुरमा मंगलबार प्रेम सम्बन्ध राखेका केटा पक्ष र केटी पक्षबिच झडप भएको हो। घाइते हुने अन्यमा इन्स्पेक्टरसहित ११ जना नेपाल प्रहरी र चारजना सशस्त्र प्रहरीका रहेका छन्। उनीहरूको पृथ्वीचन्द्र अस्पताल परासीमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

झडपमा घाइतेमध्ये केटा पक्षका विजय धवलको अवस्था चिन्ताजनक रहेको छ। केटापक्षकै ४५ वर्षीय बैजनाथप्रसाद लोनियाको अवस्था पनि गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक नारायण थापाले जानकारी दिए। दुईजनाको भैरहवा सिटी अस्पतालमा उपचार भइरहेको छ। आक्रोशित समूहले इलाका प्रहरी कार्यालय महेशपुरको गाडीमा आगजनी गरी ध्वस्त बनाएका छन्।

आक्रोशित स्थानीयले प्रहरीको गाडीसमेत जलाई दिएका छन्। आगजनीबाट एक कवाड गोदाम ध्वस्त भएको छ।

झडपका क्रममा केटा पक्षको समूहले केटी पक्षका हजुरबुवा नाता पर्ने मोहरम पवरिया (मुसलमान) को कवाड गोदाममा समेत आगजनी गरी ध्वस्त बनाएका छन्।

आगजनीबाट केटी पक्षका आफन्तको घरमा समेत क्षति पुगेको छ।

धोवी थर भएका केटासँग भएको प्रेम सम्बन्धको विषयलाई लिएर विवाद भएको हो। केटा र केटीको उमेर २० वर्षको हाराहारीमा रहेको स्थानीयले बताएका छन्। सोमबार साँझ केटाका भाइ काम विशेषले बेलासपुर आउँदा मोहरमका छोरा सोवराती पवरियासहितको समूहले कुटपिट गरेपछि विवादले उग्ररुप लिएको स्थानीयले बताएका छन्।

मंगलबार कुटपिटको कारण सोध्दै बिहान केटा पक्षका समूह मोहरमको घरमा पुगेपछि दुई समूहबिच झडप सुरु भएको हो। केटी पक्षले घरको छतमाथिबाट ढुंगा हान्ने र केटा पक्षले तलबाट ढुंगा प्रहार गर्न सुरु गरेका थिए।

दुई समूहबिच झडप भइरहँदा मोहरमका छोरा सोवरातीले केटा पक्षको समूहमाथि अन्धाधुन्दा ढुंगा प्रहार गरेपछि गाडी दौडाउँदा दुईजना घाइते भएको प्रत्यक्षदर्शीले बताएका छन्। त्यसपश्चात् आक्रोशित बनेको केटा पक्षको समूहले कवाड गोदममा आगजनी सुरु गरेका थिए।

स्थिति नियन्त्रण लिन ५ राउण्ड अश्रु ग्याँस र ३ राउण्ड हवाई फायर गरेको सूचना अधिकारी थापाले बताए। आगजनीमा संलग्न भएका चार महिलासहित ५ जनालाई पक्राउ गरिएको र अन्य खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

आगजनी र झडप भएपछि बोलाइएका दमकल र एम्बुलेन्ससमेत फर्किएर जाँदा क्षति व्यहोर्नु परेको भन्दै घटनास्थलमा खटिएका प्रहरीहरुले चालकहरूमाथि आक्रोश पोखेका थिए।

आगजनी हुने बित्तिकै रामग्राम नगरपालिकाको दमकल आएपछि टाढैबाट फर्केर जाँदा आगजनीले ठूलो क्षति पुऱ्याएको भन्दै डेढ घण्टापछि पुगेको दमकल र एम्बुलेन्सका चालकसँग प्रहरीहरुले आक्रोश पोखेका थिए। 'समयमा दमकल आएको भए हाम्रो गाडी ध्वस्त हुने थिएन। गोदाममा पनि यति धेरै क्षति हुने थिएन। आए पनि बोलाउँदा बोलाउँदै फर्केर जाने ?'-घटनास्थलमा रहेका प्रहरी सहायक निरीक्षकले आक्रोश पोखे।

झडपको स्थिति सामान्य बनेपछि करिब २२ किलोमिटरको दुरीमा रहेको बर्दघाट नगरपालिकाको दमकल आएपछि रामग्रामको दमकलसमेत आएर आगो नियन्त्रणमा लिइएको थियो।

# साइनबोर्ड करको 'ज्यादती' रोक्न उप-महानगरसँग माग



**लुम्बिनी संवाददाता**

*बुटवल*

उद्योग-व्यवसाय चिनारीका लागि घर र पसलमा राखिएका साइन बोर्डको कर अव्यवहारिक भएको भन्दै कर नउठाउन बुटवलका चार व्यवसायिक संस्थाले बुटवल उप-महानगरपालिकासँग माग गरेका छन्। रुपन्देही व्यापार संघ, बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग संघ र उद्योग व्यापार संघ बुटवलको संयुक्त बैठकले उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनाललाई ५ बुँदे ज्ञापनपत्र बुझाउँदै कर उठाउने नाममा निजी कम्पनीको ज्यादती तत्काल रोक्न माग गरेका हुन्।

बुटवल उप-महानगरले गणेश एण्ड सन्स कन्स्ट्रक्सन (बुटवल-१३) लाई ठेक्का दिएर साइनबोर्ड कर उठाइरहेको छ। कोभिड महामारीको असर र आर्थिक मन्दीको मारमा मुलुक गुज्रिरहेको विषम परिस्थितिमा व्यवसायीमाथि दोहोरो, तेहोरो कर, चर्को घर भाडा र बहाल करले व्यवसायी पलायन हुने अवस्थामा साइनबोर्ड राखेको समेत कर असुल्नु गलत भएको व्यवसायिक संस्थाहरुको भनाइ छ। उनीहरुले ठेकेदारको ज्यादती र त्रासदिपूर्ण व्यवहार खेदजनक रहेको भन्दै यस्ता गतिविधिप्रति बुटवल उप-महानगरपालिका जिम्मेवार हुनुपर्ने र आगामी दिनमा दोहोरिन नहुने माग गरेका छन्। गणेश एण्ड सन्स कन्ट्रक्सनले विभिन्न व्यवसायिक प्रतिष्ठानहरुमा राखिएका साइनबोर्डहरुमा गरेको तोडफोडको उचित क्षतिपूर्ति दिनुपर्ने व्यवसायीले माग गरेका छन्।आगामी वर्षहरुमा साइनबोर्ड करका सन्दर्भमा बुटवल उपमहानगरपालिका र व्यवसायिक संघसंस्थाहरुबिचको छलफल र सहकार्यबाट कार्यविधि बनाई अगाडि बढ्नुपर्ने उनीहरुको माग छ।

बैठकमा रुपन्देही व्यापार संघका अध्यक्ष दीपक अधिकारी, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप साापकोटा र उद्योग व्यापर संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डेयलगायत चारै संस्थाका पदाधिकारीको सहभागिता रहेको थियो।

आफ्नो उद्योग वा पसल भन्दा बाहिर सार्वजनिक स्थलमा प्रचारप्रसारका लागि राखिएका बोर्डको कर लिनु स्वभाविक भए पनि आफ्नै घर, पसलमा राखेको बोर्डको कर लिनु अन्यापूर्ण भएकाले गत असार २ गते बुटवल उप-महानगरपालिकामा ज्ञापन पत्र बुझाइएको भए पनि माग सम्बोधन गर्नुको साटो ठेकेदार कम्पनीबाट ज्यादतीपूर्ण व्यवहार दोहोरिएको व्यवसायीको गुनासो छ। यसअघि पनि बुटवलका एक दर्जन बढी व्यवसायिक र सामाजिक संघ-संस्थाले साइनबोर्ड वापतको कर अव्यवहारिक भन्दै नतिर्ने सामूहिक निर्णय गरेका थिए।

व्यवसायीसँग सामान्य छलफल र परामर्श समेत नगरी बुटवल उपमहानगरले विज्ञापन करको नाममा साइनबोर्डको कर उठाउन निजी कम्पनीलाई जिम्मा दिएको र व्यवसायिक संघसंस्थाले नतिर्ने भनी ज्ञापनपत्र बुझाएको अवस्थामा जबर्जस्ती उठाउन कम्पनीले धम्की दिने गरेको व्यवसायीहरु बताउँछन्। 'आफ्नै घरमा पसलको चिनारीको बोर्ड राखेवापत ४० हजार बढीको बिल पठाइएको छ यो नागरिकको मौलिक हक विपरीत छ,'-उनीहरुको भनाइ छ-'बुटवल उप-महानगरले व्यवसायीलाई राहत दिनुको साटो करमाथि कर थोपरेर विस्थापित गराउन उद्दत भएको छ।'

बुटवल चौराहाको सबैको फार्मेसीका सञ्चालक किरण ढकालले ठेकेदार कम्पनीले जबरजस्ती साइनबोर्ड हटाइदिएको विषयमा कम्पनीलाई कारबाही र क्षतिपूर्तिको माग गर्दै उपमहानगरमा निवेदन दिए पनि सुनुवाइ नभएको बताए। ढकालले यसविरुद्ध कानूनी उपचार खोज्ने बताए।

उप-महानगरका प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले उपमहानगरले ऐन कानुनअनुसार नै कर उठाइएको भन्दै ठेकेदार कम्पनीबाट भएको व्यवहारबारे व्यवसायीसँग छलफल गर्न सकिने बताए।

स्कुल र वडा मिलेर ३० क्वीन्टल बन्दागोभी खरिद :

# किसान प्रोत्साहनको अनुकरणीय उदाहरण

**उत्पादनले बजार नपाएर किसानहरु निरुत्साहित भएको अवस्थामा विद्यालयले गरेको यो कार्य देशभरका लागि अनुशरणको विषय हुनसक्छ।**





**लुम्बिनी संवाददाता**

*बुटवल*

चार दिनअघि बुटवलको दीप बोर्डिङ्का प्राचार्य टिकाराम न्यौपाने गुल्मी दिगाममा पठाउने तरकारी खरिद गर्न बुटवलको कृषि थोक बजार गए। त्यहाँ रुपन्देहीको शुद्धोधन गाउँपालिका -१ बेलवाका किसानहरुले बन्दागोभी बिक्री गर्दै थिए। थोक बजारमा उनीहरुले प्रति केजी ५ रुपैयाँका दरले बिक्री गर्ने न्यौपानेले जानकारी पाए।

भेटका क्रममा किसानहरुले गाउँमा एकैपटक धेरै उत्पादन हुँदा बन्दागोभीले बजार र लागत मूल्य पाउन नसक्दा कहिले ३ रुपैयाँ त कहिले २ रुपैयाँ समेत थोकमा बेच्न बाध्य भएको बताए। किसानका कुराले न्यौपानेको मनमा एक खालको पीडा भयो।

न्यौपानेको मनमा ती किसानका केही उत्पादन खरिद गरिदिन सके उनीहरुलाई राहत होल्ला भन्ने सोचेर बुटवल वडा नं. ८ का अध्यक्ष यज्ञप्रसाद पंगेनीसँग सहकार्यको प्रस्ताव गरे। वडाध्यक्षले न्यौपानेको आग्रह सहजै स्वीकार गरे।

'किसानले त्यति धेरै मेहनत र दुःख गरेर उब्जाएका कृषि उपजले लागत मूल्य पनि नपाएको देखेर साँच्चिकै मनमा पीडा र किसानप्रति सहानुभूति जाग्यो,' न्यौपानेले भने-'७० प्रतिशत बढी किसान भएको देशमा उनीहरुलाई न बजार छ, न उचित मूल्य छ न सम्मान छ त्यसैले अन्यत्रका लागि उदाहरण बन्न सक्छ भनेर विद्यालयले वडासँग मिलेर ३० क्वीन्टल बन्दागोभी खरिद र किसानलाई सम्मान गर्ने निर्णय गरेको हो।'

सोही अनुसारकिसानले सोमबार २० क्वीन्टल र मंगलबार १० क्वीन्टल बन्दागोभी खरिद गरेर विद्यालयमा ल्याए।

वडाको १२ हजार ५ सय र विद्यालयको १२ हजार ५ सय गरी २५ हजार रुपैयाँमा खरिद गरिएको उक्त बन्दागोभी विद्यालयमा अध्ययनरत २५ सय जना विद्यार्थी र २ सय बढी शिक्षक शिक्षिकालाई निःशुल्क वितरण गरिएको प्राचार्य न्यौपानेले बताए।

'हामीले खरिद नगरेको भए किसानले बन्दागोभी खेतमै नष्ट गर्न सक्ने बताएका थिए, त्यसैले तुरुन्तै खरिद गरिदिएकाहौ,' प्राचार्य न्यौपानेले भने-'कृषिप्रधान मुलुकमा किसानले बजार र उचित मूल्य पाउने वातावरण बनाउन विद्यालयहरुको पनि दायित्व हुनुपर्छ, किसानसँग विद्यार्थीलाई जोड्न पनि यो काम गरेका हौं।'

हरेक वडामा विद्यालय सञ्चालनमा रहेकाले वडा र विद्यालय मिलेर स्थानीय उत्पादन खरिद गरिदिने हो भने किसानले आफ्ना उत्पादन फ्याँक्न वा नष्ट गर्नुपर्ने अवस्थामा धेरै हदसम्म कमी आउने वडाध्यक्ष पंगेनीले बताए। बन्दागोभी खरिदसँगै विद्यालयले तरकारी खेती गर्दै आएका चारजना किसानलाई दोसल्ला र कदरपत्रले सम्मान समेत गरेको छ। किसानलाई हौसला दिंदै कृषि पेशामा टिकाइ राख्न राज्य र निजी क्षेत्रले किसानको उचित सम्मान र प्रोत्साहन गर्न आवश्यक रहेको प्राचार्य न्यौपानेले बताए।

विद्यालय र वडा कार्यालयले खेर जान लागेको बन्दागोभी खरिद गरिदिएपछि आफूहरुलाई राहत र हौसला मिलेको राममिलन लोधले बताए। 'लागत पनि नउठ्ने मूल्यमा बेच्न भन्दा खेतमै नष्ट गर्दा मल हुन्छ भनेर जोत्न ठिक्क परेका बेला स्कूलले चारजना किसानको ३० क्वीन्टल बन्दागोभी गरिद गरेर हौसला दिएको छ, यस्तो काम सबै वडा र स्कूलले गर्ने हो भने किसानले मूल्य पनि पाउने र नबिकेर फ्यांक्न पर्ने अवस्था आउने थिएन।'-अर्का किसान उमेश मल्लाहले भने।

जिल्ला समन्वय समिति रुपन्देहीका संयोजक उमाकान्त चापागाईंले कृषि उत्पादनले बजार नपाएर निरुत्साहित भएको अवस्थामा निजी विद्यालय र वडा कार्यालयले किसानको उत्पादन खरिद गरेर प्रोत्साहन गरेको विषय देशभरका लागि अनुशरणीय विषय भएको बताए।




## सम्पादकीय

# अनुकरणीय युवा विनोद

रूपन्देहीको तिलोत्तमा नगरपालिका–१७ स्थित दरखसहवामा अहिले सुविधा सम्पन्न क्रिकेट मैदान निर्माण भइरहेको छ । ठूलो लगानीको यो क्रिकेट मैदान सरकारले नभएर अष्ट्रेलियामा सूचनाप्रविधिसम्बन्धी व्यवसाय गर्दै आएका गुल्मीका विनोद कुँवरले गर्न लागेका हुन् । उनले क्रिकेट मैदान निर्माण गरेर विदेशको कमाई स्वदेशमा राम्रो काममा लगानी गर्न सकिन्छ भन्ने सन्देश दिएका छन् ।

विनोद दशकअघि अष्ट्रेलिया अध्ययनको शिलशिलामा पुगे । काम गर्दै पढेका उनले रोजगारी गर्दै आफ्नै कम्पनी खोलेर काम गरे । कोभिडकालमा उनको आम्दानी ह्वात्तै बढ्यो । उनले कमाएको पैसा ले देशको लागि केही गरौं भन्ने हुटहुटी चल्यो, क्रिकेटका फ्यान उनले मुलुककै सुविधासम्पन्न क्रिकेट मैदान बनाउने निर्णय लिए । अहिले निर्माण भइरहेको त्रिकेट मैदानको लाग ६० करोड पुग्ने अनुमान गरिएको छ । विदेशमा कमाएको पैसालाई उत्पादनमूलक काममा लगाउन बेवास्ता गर्ने तर सरकारलाई गाली गर्ने प्रवृत्ति बढिरहेको बेला उनी एक रोलमोडल युवा हुन्, जसले देश बनाउने काम सरकार एक्लैको मात्रै होइन्, सबैको हो भन्ने सन्देश प्रवाह भएको छ । विदेशको प्रविधि, सीप र पुँजी लगानी गरेर धेरै काम गर्न सकिन्छ । जलविद्युत, व्यापारिक कम्पलेक्स, होटल जस्ता लगानीका क्षेत्रमा पर्याप्त लगानी आउन सकिरहेको छैन । सरकारले विदेशमा बसेर कमाउँदै आएकालाई लगानी गर्न सहज गर्न कानुनमा सुधार पनि गरेको छ । तर सरकारप्रति गुनासो गरिरहने बानी परेकाहरुले विनोदबाट पाठ सिक्नुपर्छ । अहिले अमेरिका, अष्ट्रेलिया, बेलायत, जापानलगायत विभिन्न मुलुकमा रोजगारी र व्यवसाय गरेर राम्रो आम्दानी गर्नेहरु धेरै युवा छन् । उनीहरुको लगानी यहाँ आवश्यक छ । विभिन्न उत्पादनमूलक क्षेत्रमा लगानी गरेर उनीहरुले आम्दानी गर्न सक्छन् । उनीहरुको लगानीबाट देशले लाभ पाउन सक्छ ।

सरकारप्रति गुनासो होइन्, सरकारलाई सिक्न बाध्य पार्ने काम गरेका छन् उनले । विनोदले एक्साट्रेक ओभल क्रिकेट स्टेडियममा छिटो फ्लड लाइट जडान भएको छ । प्रधानमन्त्रीको विशेष चासो रहेको कीर्तिपुरको क्रिकेट मैदानमा छिटो फ्लड लाइट जडान गर्न दबाब परेको छ । निजी क्षेत्रले छिटो काम गर्न सक्छ, थोरै लागतमा गर्न सक्छ, सरकारी काम ढिला हुने र लागत बढी किन हुन्छ भन्ने प्रश्नको उत्तर पनि खोजिनुपर्छ ।

# के हो त शिवरात्रि ? शिवरात्रिको महिमा तथा सांस्कृतिक महत्व

चिरन्जिवी भट्टराई



प्रत्येक महिनाको कृष्णपक्षको चतुर्दशी तिथिलाई शिवरात्रि भनिन्छ । वैदिक धर्मानुयायीले अनुशरण गर्ने पञ्चाङ्गमा कृष्णपक्षकोचतुर्दशी तिथिलाई शिवरात्रि नै उल्लेख गरिएको हुन्छ । तर, फाल्गुन कृष्णपक्षको चतुर्दशी तिथि अति विशिष्ट छ । यस तिथिलाई महाशिवरात्रि भनिन्छ । भगवान् शिवको अतिशय प्रिय रात्रि, शिव तत्त्वसँग घनिष्ठ सम्बन्ध भएको रात्रि हो महाशिवरात्रि । निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा, शिवलिङ्गमा दुग्धाभिषेक र शिव महिमाको कीर्तन यस पर्वको विशेषता हो । शिवरात्री पर्वलाई पर्वकोराजा भनिन्छ । शिवमहापुराणको कोटिरुद्र संहितामा शिवरात्रिको पालनाले भोग र मोक्ष दुवैको प्रप्ति हुने बताइएको छ ।

ईशानसंहितामा भनिएको छ - 'शिवलिङ्गयतोद्भूतः कोटिसूर्यसमप्रभः' । फाल्गुन कृष्ण चतुर्दशीको रात्रि समयमा आदिदेव भगवान् शिवकरोडौं सूर्यहरू समान प्रभा भएको ज्योतिर्मय लिङ्गका रूपमा प्रकट हुनुभएको थियो । ज्योतिषशास्त्र अनुसार यस तिथिमा चन्द्र समीपहुन्छ सूर्यको । अतः जीवरूपी चन्द्रको शिवरूपी सूर्यका साथ योग हुने यस पावन तिथिमा शिवपूजाको विशेष महत्व रहेको बताइएको छ । चतुर्दशी तिथिका स्वामी शिव हुन् ।

महाशिवरात्रि परमात्मा शिवको अवतरणको मङ्गलसूचक दिवस हो । निराकारबाट साकार रूपमा अवतरणको रात्रि हो महाशिवरात्रि । त्यस्तै शिव-शक्ति मिलनको– हिमालयपुत्री पार्वती र कैलाशवासी शिवको मङ्गल परिणयको पावन दिवस पनि हो यो ।

शिवरात्रिमा चार प्रहरको पूजाको विधान छ । चार प्रहरमा चार पटक पञ्चामृत स्नान गराएर, चन्दन, पुष्प, अक्षत, वस्त्र आदिले श्रृङ्गारगरेर आरती गर्नुपर्ने विधान रहेको छ । रात्रिभरि जागरण तथा 'ॐ नमः शिवाय' अथवा 'शिवाय नमः' मन्त्रको जाप, रूद्राभिषेक, रूद्राष्टाध्यायीको पाठ गर्नु उपयुक्त मानिन्छ ।

**शिवरात्रि पर्वको सन्देश**

शिव स्वयं अर्धनारीश्वर भएर पनि कामविजेता हुनुहुन्छ, गृहस्थ भएर पनि परम् विरक्त, हलाहल पान गरेर नीलकण्ठ भइकन पनि विषबाट अलिप्त, ऋद्धि–सिद्धहरूको स्वामी भएर पनि तीबाट विलग, उग्र भएर पनि सौम्य, अकिञ्चन भएर पनि सर्वेश्वर हुनुहुन्छ । भयंकर नाग रसौम्य चन्द्रमा दुवै उहाँका आभूषण हुन् । निधारमा प्रलयकालीन अग्नि र सिरमा परम शीतल गङ्गा उहाँको अनुपम श्रृङ्गार हुन् । वृषभ रसिंह तथा मयूर, मूसो र सर्प सहजै वैरभाव बिर्सिएर साथ–साथ क्रिडा गर्दै बस्ने उहाँको परिवारले समस्त विरोधी भावहरूलाई पनिविलक्षण समन्वयको शिक्षा दिइरहेको पाइन्छ । सह–अस्तित्व अपनाउनु भन्ने महान् सन्देश निहित छ यस शिक्षामा । उहाँको प्रतीकश्रीविग्रह – शिवलिङ्ग ब्रह्माण्ड एवं निराकार ब्रह्मको प्रतीक हुनाले सबैका लागि पूजनीय छ ।

नेपालमा हरेक वर्ष आउने फाल्गुण कृष्ण चतुर्दशीका दिनलाई महाशिवरात्रि पर्वका रूपमा विशेष रूपमा चिनिन्छ । ॐ नमः शिवायभक्तिमार्गमा यो पञ्चाक्षरी मन्त्रको जप हुन्छ । ज्ञान मार्गमा शिव तत्वको ध्यान र मनन् हुन्छ । यस दिन भगवान शिवको मन्दिरमा गईशिवको दर्शन गर्नाले दिव्य ज्ञान प्राप्त भई सुख, समृद्धि र भक्ति प्राप्त हुने सनातनदेखि चल्दै आएको पौराणिक कथन छ ।

महाशिवरात्रि पर्व परम्पिता परमात्मा शिव कलियुगको अन्त्य र सत्ययुगको शुभारम्भ पूर्व वर्तमान सङ्गम युगमा गरिएका दिव्य एवम् अलौकिक कर्तव्यहरूको यादगार पर्व हो, शिवरात्रि । आध्यात्मिक जगत्का आचार्यहरूका अनुसार शिवको बासस्थान कैलाशलाई काखमा लिएर बसेको सर्वोच्च शिखर सगरमाथाको देश नेपाल भूमि विश्व ब्रह्माण्डको मानचित्रमा महत्वपूर्ण स्थान ओगटेको छ । त्यसैलेहिन्दु देश नेपाल भनेर कहलिएको छ ।

शिवमा विचित्रता, उर्वरता र कल्याणकारिता रहेको छ । शिवलिङ्ग शिवको ज्योतिर्मय निराकारको स्वरूप हो । शिवरात्रिलाई नेपालभाषामा 'शिला चह्रे पूजा' भनिन्छ । नेपालका प्रसिद्ध महादेव शिवका मन्दिरहरूमध्ये काठमाडौंमा भगवान पशुपतिनाथ र गोकर्णको गोकर्णेश्वर, ललितपुरमा कुम्भेश्वर, सन्तानेश्वर र तीलेश्वर, काभ्रेमा धनेश्वर र आशा पुरेश्वर, गोरखामा बाबा गोरखनाथ, जुम्लामाचन्दननाथ, महोत्तरीमा जलेश्वर महादेव, खोटाङमा हलेसी महादेव, सप्तरीमा शम्भुनाथ र धरानको विजयपुरमा अमृतपिण्डद्वारा निर्मितपिण्डेश्वर ताम्रलिङ्ग प्रसिद्ध छन् ।

यसदिन पञ्चामृत, गङ्गाजल र बेलपत्र आदिले शिवको पूजन गर्नाले विशेष पुण्य प्राप्त हुने जनविश्वास रहेको छ । ठूला-ठूला योगीमहात्माहरू पनि आफुलाई सिद्धि प्राप्त गर्न शिव शक्ति माग्दछन् । यस्ता साकार र अलौकिक शक्ति भएका चराचर जगत्का सञ्चालकदेवादिदेव महादेव शिवको पूजा आराधना गर्नाले सम्पूर्ण दुःख दरिद्र, कष्ट, भय, सङ्कट आदि नाश भएर जान्छ भन्ने ठूलो धार्मिकविश्वास रहिआएको छ ।

नेपाल र भारत आध्यात्मप्रधान देश हुन् । जति नेपाल र भारतमा शिवरात्रि मनाइन्छ, त्यति विश्वका अन्य कुनै देशमा मनाइँदैन । समस्तविज्ञान, कला संस्कृतिका मूल, सङ्गीत र नृत्यको मूल पनि भगवान शिव नै भएकोले महाशिवरात्रिको आदर्श महिमा अनन्त र अपार छ ।शिवलाई जगत्पिता पनि भनिन्छ । त्यसैले महाशिवरात्रिको महत्व बढी रहन भएको हो ।

**पौराणिक पृष्ठभूमि**

शिवरात्रिलाई शिवजी उत्पन्न हुनुभएको रातको नामबाट अर्थात् 'शिवंरात' बाट 'शिवरात्रि' शब्द बन्न गएको छ । रात्रिहरूमा चारवटारात्रिको बढी महत्व रहेको छ । १.कालरात्री (दशैंको नवरात्रि) २. मोहरात्रि (कृष्णाष्टमीको रात्रि) ३. सुख रात्रि (लक्ष्मीपूजाको रात्रि) ४. शिवरात्रि (फाल्गुन कृष्ण चतुर्दशीको रात्रि) यी चार प्रमुख रात्रिहरूमध्ये शिवरात्रिको अझ विशेष महत्व रहेको छ ।

शिव पुराणमा उल्लेख भएअनुसार पृथ्वी उत्पत्ति गर्ने, विष्णु, ब्रह्मा आदि सबै देवताहरूको उत्पन्न गर्ने र पालना गर्ने उनै शिव हुन् । भगवानशिव नै सृष्टिको आदि कारण हुन् । यसै दिन ज्योतिर्लिङ्गको उत्पत्ति भएको कुरा इसान संहितामा वर्णित छ । यसै दिन भगवान शिवका विवाह पार्वतीसँग भएको मानिन्छ । पुराणका अनुसार शिव ब्रत सम्पन्न गर्नेले अक्षय पुण्य पाउँदछ । निराहार ब्रत र रात्रि जागरण यसपर्वका मुख्य अङ्ग हुन् ।

**शिवरात्रिको आरम्भ र महत्व**

पुराणमा उल्लेख भएअनुसार सम्पूर्ण सृष्टिपछि पार्वतीले एकदिन वर्षभरिको त्यो कुन दिन हो, जुन हजुरलाई साह्रै मन पर्छ भनेर सोध्दाफागुन महिनाको कृष्ण पक्षको चतुर्दशी मेरा लागि सर्वप्रिय दिन हो भनी शिवले बताएबाट नै शिवरात्रिको सुरुवात भएको मानिन्छ । ज्योतिष शास्त्रमा उल्लेख भएअनुसार यसै दिन चन्द्रमा सूर्यको समिपमा पुग्दछन् । अतः कहिलेकाहीँ शिवरात्रिको भोलिपल्ट सूर्यग्रहणहुन्छ । यसरी तिथिहरूमा जीवरूपी चन्द्रमाको परमात्मारूपी सूर्यसँग सन्निकट योग हुन्छ ।

अतः यस दिनमा गरिएको साधना सफल हुन्छ भन्ने विश्वास रहेको छ । शिवसँग सम्बद्ध शिवजीको परम्प्रिय तिथि फाल्गुन कृष्णचतुर्दशी नै शिवरात्रि महा पर्व हो । यस्ता कल्याण मूर्ति भगवान शिवसँग सम्बन्धित पर्व भएकोले महाशिवरात्रिको महत्व बढी रहन गएकोहो । विश्वको सर्वोच्च हिम शृङ्खलाको टाकुरा सगरमाथाद्वारा सुशोभित हाम्रो देश नेपाल मानव सभ्यता र संस्कृतिको एक प्रमुख उद्गमस्थल नै भएको छ । यहाँका हिमाली लेक, पाखा, उपत्यका बेंसी फाँटमा बस्ने हाम्रा पितृ पुर्खाहरूले प्राचीनकालदेखि नै परम्परा रमान्यता तथा धारणा विश्वास गरी आत्मसात गरे ।

युगको प्रवाहमा नेपालमा गोपालवंश, किरातवंश, लिच्छवी वंश, मल्ल वंश र शाहवंशको उदय भयो । आज गणतन्त्रको उदय भइरहेकोछ । ती सबै वंशले परम्परागत सांस्कृतिक महाशिवरात्रिको महत्व आत्मसात गर्दै आइरहेछ ।

शिवो भुत्वा शिवं यजेत्

भनिन्छ, 'शिवो भुत्वा शिवं यजेत्', अर्थात् शिवको पूजन शिव बनेर नै गर्नु ।

'शिव'को अर्थ हुन्छ कल्याणकारी । शिव स्वयं कल्याणकारी नै हुनुहुन्छ । यसर्थ जीवले काम, क्रोध, लोभ, मोह आदि विजातीय तत्त्वबाट मुक्त रही परम् सुख, शान्ति र ऐश्वर्य प्राप्त गर्न प्रेरित गर्ने कल्याणकारी मार्गको अवलम्बन गर्नु नै वास्तविक शिवपूजा हो । कालकूट विषलाई कण्ठमा धारण गर्ने कल्याणकारी शिवबाट कल्याण पथमा अग्रसर भई समाज कल्याणको महान कार्यमा प्रवृत्त हुनेप्रेरणा लिनु हामी सबैका लागि आवश्यक छ । यसैबाट सार्थक हुन सक्छ हाम्रो शिव अर्चन ।

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक सात दशमलव १३ अङ्कले बढेर दुई हजार सात सय ६५ दशमलव ८८ को विन्दुमा कायम भएको हो ।

तीन सय १२ कम्पनीको एक करोड ७८ लाख ६५ हजार सात सय तीन कित्ता शेयर ९७ हजार पाँच सय ६२ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ९० करोड ९३ लाख ८६ हजार दुई सय २७ बराबरको कारोबार भएको छ ।

कारोबारमा बैङ्किङ शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ०५, लगानी शून्य दशमलव ७७, जीवन बिमा शून्य दशमलव ८१, उत्पादन तथा प्रशोधन शून्य दशमलव १८, म्युचुअल फन्ड शून्य दशमलव ०५ र अन्य समूह दुई दशमलव ९० प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैङ्क शून्य दशमलव १२, वित्त शून्य दशमलव ७१, लघुवित्त शून्य दशमलव १५, निर्जीवन बीमा शून्य दशमलव २८ र व्यापार समूह दुई दशमलव ५१ प्रतिशतले घटेको हो ।

गार्डियन माइक्रोलाईफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्ने क्रमले आज पनि निरन्तरता पाएको छ । सबैभन्दा धेरै घट्नेमा भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव ९७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू एक अर्ब दुई करोड ६२ लाख ७३ हजार बराबरको कारोबार भएको छ । त्यस्तै कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर १० लाख ३१ हजार दुई सय ८८ कित्ता किनबेच भएको छ ।

# काउली बिक्रीबाट एकै 'सिजन'मा छ लाख आम्दानी



गलकोट (बागलुङ) । जिल्लाकै उत्कृष्ट किसानका रुपमा परिचित बागलुङ नगरपालिका-९, तित्याङका पदम खत्रीले एकै 'सिजन'मा रु छ लाखको काउली बिक्री गरेका छन् । २०६६ सालदेखि निरन्तर तरकारी खेतीमा लागेका उनी अहिले बागलुङका सफल किसानका रुपमा परिचित छन् ।

उनले निजी, भाडा र बाँझो जग्गा गरी १८ रोपनी खेतबारीमा प्लास्टिक टनेल र टनेलबाहिर सिजन अनुसारका तरकारी उत्पादन गर्दै आएका छन् । पदम खत्रीले एग्रो फार्ममा मौसमी र बेमौसमी टमाटर, काउली, बन्दा, साग, सिमी र घिरौँलालगायत तरकारी फलाउँदै आएका छन् ।

उनले गत वर्ष एउटै काउली नौ किलोको र यस वर्ष १२ किलो सम्मको फलाएका थियो । उनी कृषि ज्ञान केन्द्रबाट पटक-पटक उत्कृष्ट किसानका रुपमा सम्मानित हुँदै आएका छन् । "निरन्तर मेहनत गरे सफलता पाइँदोरहेछ, अहिलेको सिजनमा मात्रै छ लाखको काउली बजार पठाएँ, वर्षमा पाँच-छ लाखको त टमाटर नै बिक्री हुन्छ," खत्रीले भने-"आठवटा प्लास्टिक टनेल र खन्य खुल्ला रुपमा तरकारी उत्पादन हुँदै आएको छ, यस वर्ष काउलीको मूल्य राम्रो भएकाले धेरै नाफा भयो ।"

विसं २०६६ मा एउटा प्लास्टिक टनेलबाट तरकारीखेती थाल्नुभएका खत्री यस क्षेत्रकै सफल किसानका रुपमा परिचित छन् ।

स्वदेशमा केही गर्न सकिन्छ भन्ने सोचका साथ कृषि कर्ममा लागेका खत्रीले वार्षिक रु १२ देखि १४ लाख आम्दानी गर्दै आएका छन् । "अहिले काउली र ब्रोकाउली मात्रै १० क्विन्टल बिक्री गरेको थिएँ, छ लाख आम्दानी त एक सिजको काउलीबाटै भयो, अहिले काउलीको बजार मूल्य रु १०० सम्म परेकाले राम्रो आम्दानी भयो ।"- उनले भने । उनले तरकारीखेती फस्टाउँदै गएपछि भाडामा आठ रोपनी जग्गा लिएर १८ रोपनी जग्गा पुऱ्याएका छन् ।



**श्रीकृष्ण गौशालामा संरक्षित गाई**

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-६ नरपानीमा रहेको श्रीकृष्ण गौशालामा संरक्षित गाई। तस्विरः प्रेमनारायण आचार्य/रासस

# एग्रोभेटर मलखाद डिलरहरूको अनुगमन

नवलपरासी। कृषि ज्ञान केन्द्र पश्चिम नवलपरासीले जिल्लामा रहेका कृषि सामाग्री, बिउ विजन, बिक्रेता तथा एग्रोभेटर मलद्याद डिलरहरुको अनुगमन गरेको छ।

जिल्लाको रामग्राम, बर्दघाट नगरपालिका, सरावल र प्रतापुर गाउँपालिकामा अनुगमन गरेको हो। केन्द्रले मलखादका ६ र बिउ विजन र एग्रोभेटका ८ पसल व्यवसायमा अनुगमन गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ। कृषि ज्ञान केन्द्र पश्चिम नवलपरासी आर्थिक वर्ष २०८१/ ८२ को वार्षिक कार्यक्रमअनुसार कृषि सामाग्री मलखाद , बिउ विजन, बिक्रेता तथा एग्रोभेट पसल तथा ब्यवसायमा अनुगमन गरेको हो।

त्यस्तै अधिकांश एग्रो पसलहरु दर्ता नरहेको पाइएको कृषि ज्ञान केन्द्र पश्चिम नवलपरासीका प्रमुख डाक्टर रविन्द्र नाथ चौबेले बताए। अनुगमनका क्रममा कतिपय व्यवसायीले व्यवसाय दर्ता नगरि सञ्चालन गरेको र मलखाद तथा विषादी एकै स्थानमा राखेर बिक्री वितरण गरेको पाइएको हुँदा त्यस्ता व्यवसायीहरुलाई सचेत गराएको कृषि ज्ञान केन्द्र डा. चौवेले बताए।

# बागलुङलाई समृद्धिसँग जोड्दै कालीगण्डकी करिडोर



ढोरपाटन (बागलुङ) । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरले जिल्लाको बागलुङ र जैमिनी नगरपालिका जोडेको छ।

त्रिदेशीय सडकका रूपमा रहेको करिडोरले बागलुङलाई सिधैँ चीन र भारतसँग जोडेको हो। झण्डै १४ वर्ष अघि सुरु भएको करिडोर आयोजना निर्माणले अहिले तीव्रता पाएको छ। करिडोर विस्तारपछि पछिल्लो समय सडक छेउछाउमा बस्ती बस्न थालेका छन्।

ग्रामीण क्षेत्रबाट झरेर करिडोरको आसपासमा व्यापार व्यवसाय गर्ने पनि बढ्दै गएका छन्। नवलपुरको गैंडाकोटबाट कोराला नाकासम्म चार सय ९५ किलोमिटर रहेको करिडोर बागलुङ खण्डमा मात्रै ३४ किमी पर्दछ। करिडोरले बागलुङको जैमिनी नगरपालिका क्षेत्रका बासिन्दाको दैनिकीमा परिवर्तन ल्याएको स्थानीय बताउँछन्। बेलबगर, जैमिनी धाम, छरिलौवा, न्वाराढिक, धुस, सुस्सा फाँटलगायत क्षेत्रमा बस्ती बस्न थालेका छन् भने करिडोर स्तरोन्नतिसँगै कालोपत्र हुँदै गएपछि सवारीसाधन सञ्चालन हुने थालेका छन्। ग्रामीण क्षेत्रका नागरिकलाई बुटवल, भैरवाहलगायत मुलुकका ठूला सहरसम्म पुग्न सहज भएको छ। करिडारमा यातायाता सञ्चालन हुन थालेपछि गाउँमा उत्पादन भएको वस्तुलाई बजारीकरण गर्न सहज भएको स्थानीय किसान श्रीसले बताए। करिडोरको ट्र्याक वर्षौं अगाडि खुलेपछि अहिले स्तरोन्नति भएको भन्दै यसले गाउँलाई सिधा सहरसँग जोडेको उनको भनाइ छ।

श्रीसले भने-“कालीगण्डकी करिडोरले हाम्रो गाउँलाई सुगम बनायो, दिनानुदिन गाडी ओहोरदोहोर गर्छन्, यात्रुले यहाँ उत्पादन भएका सामान किनेर लैजान्छन्, पहिले बुटवल, भैरहवा पुग्न एक दिन लाग्थ्यो भने अहिले चार/पाँच घण्टामा पुग्न सकिन्छ, बुढापाकाहरू अहिलेको यो विकास देखेर दङ्ग छन्, करिडोरले यो क्षेत्रका नागरिकको जीवनशैली बदल्न थालेको छ।”

जैमिनी नगरपालिका-५ का कृष्णबहादुर थापाले करिडोर सञ्चालनमा आएपछि भारतीय पर्यटक बढ्न थालेका बताए। भारतबाट मुक्तिनाथ जाने धेरैजसो पर्यटक जैमिनी धामको दर्शन गरेर जाने गरेको भन्दै यसले आर्थिक चलायमान हुने उनको भनाइ छ।

स्थानीय सरकारले पर्यटकीय तथा धार्मिकस्थलको प्रचारप्रसार गर्नसके बाह्य पर्यटकलाई तान्न सकिने थापाले धारणा राखे। अहिले दैनिक बुटवलबाट जैमिनीसम्म सिधा यातायात सञ्चालन हुँदा सामान ढुवानी र यात्रा गर्न सहज भएको उनले उल्लेख गरे।

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले दक्षिण बागलुङ समृद्धिसँग जोड्न कालीगण्डकी करिडोरले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए। अब बागलुङका हरेक नागरिक व्यापार र व्यवसायसँग जोडिए करिडोरबाट प्रशस्त लाभ लिनुका साथै आर्थिक समृद्धि हासिल गर्न सक्ने उनको भनाइ छ।

किसानले उत्पादन गरेको तरकारी, फलफूल र अन्य वस्तु सहजै विभिन्न सहरमा पुऱ्याउन सकिने हुँदा उचित मूल्यसमेत पाइने शर्माले बताए। “करिडोर बागलुङवासीका लागि वरदान सावित हुँदै गएको छ, हिजो सुनसान रहेको ठाउँमा अहिले धमाधम बजार बस्न थालेका छन्। एक दिन यात्रा गर्नुपर्ने ठाउँमा अहिले दुई/चार घण्टामा पुग्न सकिन्छ”, उनले भने-“यो रुट धार्मिक पर्यटनसँग जोडिएको हुँदा यहाँ थुप्रै सम्भावना छन्, नगरपालिकाले पनि करिडोरबाट लाभ लिनेगरी योजना बनाइ रहेको छ।”

करिडोरले जैमिनी नगरपालिकामा १९ दशमलव पाँच किलोमिटर र बागलुङ नगरपालिकामा १४ दशमलव पाँच किमी क्षेत्र जोडेको छ। नवलपुरको गैंडाकोटबाट कोराला नाकासम्म चार सय ९५ किमी रहेको करिडोर बागलुङको मालढुङ्गा दुई सय ४० किमी लामो छ। मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वतसहितका जिल्लाबाट बुटवल, भैरवाह र भारतसम्म पुग्ने यात्रासमेत यसले छोट्याइदिएको छ। करिब १४ वर्ष अगाडि निर्माण सुरु भएको करिडोर आयोजना हालसम्म बागलुङ खण्डमा ७५ प्रतिशत काम सम्पन्न भएको आयोजना कार्यालयले जनाएको छ।

# छ सय विपन्न परिवारको निःशुल्क स्वास्थ्य बिमा




वालिङ (स्याङ्जा) । यहाँको चापाकोट नगरपालिकाले छ सय विपन्न परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेको छ।

नगरपालिकाका १० वटा वडामध्ये प्रत्येक वडाका अति विपन्न ६० घर परिवारका दरले छनोट गरी नगरपालिकाले निःशुल्क स्वास्थ्य बिमा गरिदिएको हो।

आर्थिक अभावकै कारण आधारभूत स्वास्थ्य सुविधा पाउनबाट बञ्चित नहोउन् भन्ने उद्देश्यले स्वास्थ्य बिमा गरिदिएको नगर प्रमुख देवबहादुर खाँडले बताए। उनले भने-“नेपाल सरकारले लागू गरेको स्वास्थ्य बिमा अभियानमा आवद्ध बनाइ स्वास्थ्य सेवालाई अति विपन्न वर्गको पहुँचसम्म पुऱ्याउन निःशुल्क स्वास्थ्य बिमा गरिदिएका हौं।”

नगरपालिकाले चालु आर्थिक वर्षमा अति विपन्न समुदायको स्वास्थ्य बिमा गर्न रु २५ लाख ६० हजार बजेट विनियोजन गरेको थियो। विनियोजित बजेटबाट पहिलो चरणमा छ सय परिवारको बिमा गरिएको र दोस्रो चरणमा अपाङ्गता भएका र अन्य विपन्न गरी एक सय २५ जनाको बिमा गरिदिने नगरपालिकाले जनाएको छ।

चालु आर्थिक वर्षमा सात सय २५ जनाको स्वास्थ्य बिमा गर्न बजेट विनियोजन गरेकामा आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि थप बजेट व्यवस्थानको तयारी गरिरहेको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले स्वास्थ्य बिमा बनाइदिएका नागरिकलाई बिमा कार्ड वितरण गरेको छ। स्वास्थ्य बिमा कार्ड बनाइदिएसँगै पाँच जनाको परिवारलाई रु एक लाखसम्मको स्वास्थ्य उपचार सेवा निःशुल्क प्राप्त हुने भएको छ।

# कान्ति ताल आसपासका पूर्वाधार जीर्ण



राँझा (बाँके) । संरक्षण अभावमा यहाँको नेपालगञ्ज उपमहानगरपालिका-२२ पुरैनीस्थित कान्ति ताल आसपासमा निर्मित पूर्वाधार जीर्ण बन्दै गएका छन्। नेपालगञ्ज उपमहानगरपालिकाले करोडौं खर्च गरेर निर्माण गरेको रेलिङ भत्किएका छन्। फलामका पाइप चोरी भएको स्थानीय चक्र बुढाले बताए।

“तालमा वरिपरि बनाएका संरचना तोडफोड भएका छन्,” उनले भने-“सुरक्षाका लागि सरोकारवाला निकायलाई पटक पटक खबर गरे पनि सुनुवाइ भएको छैन।”

करिब एक हजार आठ सय मिटर रेलिङमध्ये तीन सय मिटर रेलिङ तोडफोड गरिएको छ। नेपालगञ्ज उपमहानगरपालिकाले २०७५ सालमा कान्ति काललाई व्यवस्थित गरेर पर्यटकीयस्थलका रूपमा विकास गर्ने योजना अघि बढाएको थियो। ताल वरिपरि पर्खाल लगाउने, रेलिङ राख्ने र तालालाई परिक्रमा गर्ने फुटपाथ र नालीसहितको सडक निर्माण गरिएको छ।

ताल सञ्चालनका लागि वार्षिक रु २८ लाख उपमहानगरपालिकालाई राजस्व बुझाउनेगरी ठेक्का लिएका ठेकेदार फनबहादुर गुरुङले लागुऔषध प्रयोगकर्ताहरूले रेलिङ तोडफोड गरेको हुनसक्ने बताए। तालका संरचनाको सुरक्षा जिम्मा पनि ठेकेदार पक्षकै रहेको छ। त्यसका लागि ठेकेदार पक्षले एकजना चौकीदार खटाएको छ।

नेपालगञ्ज उपमहानगरपालिका प्रमुख प्रशान्त विष्टले रातको समयमा लागुऔषध दुर्व्यसनीहरूले तालको संरचना तोडफोड र चोरी गरेको हुनसक्ने अनुमान गरिएको बताए। उनले त्यस्ता गतिविधि रोक्ने विषयमा ठेकेदार पक्षलाई सचेत गराइएको जानकारी दिए।

# श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान आग्रह




काठमाडौं। सरकारद्वारा तोकिएका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान नेपाली दूतावास बैंककले पुनःअनुरोध गरेको छ।

कम्बोडिया लाओस, म्यानमार र थाइल्याण्डलगायत मुलुकमा नेपाली नागरिक अलपत्र परेका र उद्धारका लागि कठिनाइ भइरहेको उल्लेख गर्दै दूतावासले प्रक्रियाअनुसार वैदेशिक रोजगारीमा जान पुनःआग्रह गरेको हो। अनलाइन स्क्यामिङ कार्यमा लगाइएका नेपाली नागरिकलाई नेपाली राजदूतावासले थाइल्याण्ड सरकारको सहयोगमा म्यानमारको मेवाडीबाट उद्धार गरेको छ। सो दूतावासले सोमबार दुई नेपाली नागरिकलाई उद्धार गरेर नेपाल फिर्ता पठाएको हो।

दूतावासले कसैको प्रलोभन परी छिटो, धेरै पैसा कमाउने हेतु वैदेशिक रोजगारीमा नआउनका लागि सम्बन्धित सबैमा पुनःअनुरोध गरेको छ।

# मगर दिवस मनाउन सार्वजनिक बिदा




पाल्पा । ४३औं राष्ट्रिय मगर एकता दिवसको अवसरमा पाल्पाका विभिन्न पालिकाले सार्वजनिक बिदा दिएका छन्।

फागुन १५ गते अर्थात् बिहीबार मगर एकता दिवसको अवसर पारेर रामपुर नगरपालिकासहित रम्भा, बगनासकाली, निस्दी, पूर्वखोला र माथागढी गाउँपालिकाले सार्वजनिक बिदा दिएका छन्। सो दिन पालिका मातहतका कार्यालय, शैक्षिक संस्थामा बिदा दिइएको सार्वजनिक सूचनामार्फत् जनाइएको छ।

मगर समुदायको बसोबास बढी रहेकाले यस क्षेत्रमा विभिन्न सांस्कृतिक कार्यक्रम, संस्कृति संरक्षण गर्न र उल्लासमय रूपमा दिवस मनाउन एक दिन सार्वजनिक बिदा दिइँदै आएको रामपुर नगरप्रमुख रमणबहादुर थापाले बताए।

बगनासकाली गाउँपालिकाले स्थानीय बिदाको दिन आदिवासी जनजाति समन्वय समितिको आयोजना तथा नेपाल मगर सङ्घको सहजीकरणमा हुने कार्यक्रममा सहभागी हुन गाउँसभाका सदस्य एवं सम्पूर्ण कर्मचारीलाई चिलाङ्दी खेलमैदानमा उपस्थित हुन अनुरोधसमेत गरेको छ।

दिवसका दिन मगर समुदायका व्यक्तिहरू आफ्नो संस्कृति झल्कने पहिरनमा सजिएर झाँकी, ऱ्यालीसहित कार्यक्रममा सहभागी हुने गर्दछन्। दिवसको अवसर पारेर खानाका परिकार प्रदर्शनी, सालैजो, झ्यारे, मारुनी जस्ता संस्कृति नाच प्रस्तुतिलगायत कार्यक्रम आयोजना गरिने छन्।

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गुल्मी जिल्ला दुविचौर गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १२, बस्ने श्री चुरामणी अर्यालको नाति श्री चेत नारायण जैसीको छोरा श्रीमती गायत्री देवी अर्यालको पति बर्ष ८३ को श्री फर्सुराम शर्मा भन्ने फर्सुराम जैसी (नागरिकता नं. ७८५ जि.प्र.का गुल्मी मिति २०४२/०९/०८ मा जारी) को मिति २०८१/०४/०१ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३४७१ मा भएको रकम भुक्तानी पाउँ भनी निजको छोरा श्री कृष्ण प्रसाद अर्यालले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री फर्सुराम शर्मा भन्ने फर्सुराम जैसी (नागरिकता नं. ७८५ जि.प्र.का गुल्मी मिति २०४२/०९/०८ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
**फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४**

**बिमालेख हराएको सूचना**

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१।०९।२८ गते सुनवलदेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम :** विनय पटेल
**ठेगाना :** पाल्हीनन्दन-४, नवलपरासी
**बिमालेख नं. :** १५००३०५०३
**सम्पर्क :** ९८०८८८७०४०

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# विपदका बेपत्ता परिवारलाई राहत दिइने

बुटवल । सरकारले मनसुनजन्य विपदमा परी बेपत्ता भएका व्यक्तिका परिवारलाई मृतक सरह राहत उपलब्ध गराउने निर्णय गरेको छ । विपदमा परी बेपत्ता भएको व्यक्ति कम्तीमा १० दिनसम्म पनि फेला पर्न नसकेको अवस्थामा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषमार्फत् मृतकसरह राहत दिने निर्णय गरिएको हो ।

सोमबारको मन्त्रिपरिषद् बैठकको निर्णयहरु मंगलबार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले २०८० बैशाख १ गतेदेखि यताका मनसुनजन्य विपद्मा परी बेपत्ता भएका व्यक्तिका परिवारलाई राहत दिने निर्णय गरिएको बताए ।

पत्रकार सम्मेलनमा उनले भारतको जयपुरमा यही फागुन १९ देखि २१ गतेसम्म आयोजना हुने 'हाई-लेभल १२औं रिजनल थर्ड थ्री आर एन्ड सर्कुलर इकोनोमी फोरम इन द एसिया एन्ड द पेसेफिक'मा राष्ट्रिय योजना आयोगका सदस्य डा रमेशप्रसाद सिंहलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय भएको बताए ।

थाइल्याण्डको बैङ्कमा यही फागुन १९ देखि २१ गतेसम्म आयोजना हुने 'एसिया एन्ड द पेसेफिक रिजनल प्रिपरटोरी मिटिङ फर द सेकेन्ड युनाइटेड नेसन्स फुड सिस्टम्स समिट क्वामोक्टेकिङ मुमेन्टमा राष्ट्रिय योजना आयोगका सदस्य डा.जयबहादुर टण्डनलाई सहभागी हुन स्वीकृत प्रदान गर्ने निर्णय भएको मन्त्री गुरूङले बताए ।

यसैगरी संयुक्त राज्य अमेरिकाको हार्भड युनिर्भसिटी इन क्यामब्रिज, मासाचुसेट्समा आगामी वर्ष बैशाख १४ देखि १७ गतेसम्म आयोजना हुने 'हार्भड मिनिस्टेरियल लिडरसिप प्रोग्राम' अन्तर्गतको '२०२५ हार्भड मिनिस्टिरियल लिडरसिप फोरम'मा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रम तथा बजेटमा समावेश भएका र सोही आर्थिक वर्षमा कार्यसम्पन्न भएका, तर भुक्तानी हुन बाँकी आयोजना तथा कार्यक्रमको सिर्जित दायित्व भुक्तानी गर्ने व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई स्वीकृति दिने, विश्व बैङ्क समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट 'ब्रिजेज इम्प्रुभमेन्ट एन्ड मेन्टेनेन्स प्रोग्राम' तेस्रो चरणअन्तर्गत १५० मिलियन अमेरिकी डलर बराबरको प्रस्तावित सहुलियतपूर्ण ऋण रकम स्वीकार गर्नेसम्बन्धी वित्तीय सम्झौता र कार्यक्रम दस्तावेजलाई अन्तिम रूप दिन वार्ताटोली गठन गर्ने र उक्त वार्ताटोलीलाई विश्व बैङ्कसँग वार्ता गर्न अख्तियारी दिने तथा नेपाल बिमा प्राधिकरणको अध्यक्ष पदमा कञ्चनपुरका शरद् ओझालाई नियुक्त गर्ने बैठकले निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए ।

# सबै नेताको सम्पत्ति छानबिन गर्न माग



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले २०४७ सालयताका सबै नेताको सम्पत्ति छानबिन गर्न पुनः माग गरेका छन् । लगातार शासनमा बसेकाहरूले मुलुकलाई भ्रष्टाचारमा डुबाएको उनको भनाइ छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांक बाचन गर्दै सांसद् ढकालले प्रधानमन्त्रीले आफ्नालाई जोगाउँदै र विपक्षीलाई अनाहाकमा दुःख दिँदै आएको बताए ।

२०४७ सालपछिका दलका नेतालाई अनुसन्धानको दायरामा ल्याउन माग गर्दै उनले छानबिन गर्ने हो भने कसैले पनि टाउको लुकाउने ठाउँ नभेटिने टिप्पणी पनि गरे ।

'प्रधानमन्त्री रात-दिन भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचार गर्न पनि दिन्नँ भन्नुहुन्छ तर, उहाँले सरकारको नेतृत्व गरेको बेला सबैभन्दा बढी भ्रष्टाचार भएको ट्रान्सपरेन्सी इन्टरनेशनलको सूचकांकले पुष्टि गरिसकेको छ ।'-ढकालले भने ।

आफ्नो पार्टीका अध्यक्ष रवि लामिछानेमाथि सरकारले लगातार प्रतिशोध साँधेको बताएका ढकालले संसदीय छानबिन समितिको प्रतिवेदनले सहकारीको रकम अपचलनमा कुनै संलग्नता नरहेको स्पष्ट पारिसकेपछि पनि सरकारले प्रतिशोध साँधेर लगातार दुःख दिएको बताए ।

प्रचलित कानुन अनुसार कारबाही गर्ने भनिए पनि सम्पत्ति शुद्धीकरण र ठगीमा मुद्दा गलाइएको भन्दै उनले सरकारको आलोचना गरे ।

# राष्ट्रिय स्नूकरमा २० खेल सम्पन्न




बुटवल । बुटवलमा सोमबारदेखि सुरु भएको सर्वाधिक पुरस्कार राशीको प्रथम अल नेपाल बुटवल मेयर कप ओपन स्नुकर च्याम्पियनसीप प्रतियोगितामा दोस्रो दिन २० खेलहरु सम्पन्न भएका छन् ।

नेपाल बिलियर्डस स्नुकर तथा पुल संघ रूपन्देहीको आयोजनामा बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा प्रतियोगिता जारी छ । पहिलो दिन १० खेल भएकामा दोस्रो दिन २० खेल सम्पन्न भएका हुन् ।

खस्यौली स्नुकर क्लबको समेत आयोजनामा सञ्चालित प्रतियोगितामा देशका प्रमुख शहरबाट १२८ जना खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन् । फागुन २१ गतेसम्म चल्ने प्रतियोगिताको विजेता खेलाडीले ३ लाख ३ हजार, उपविजेताले १ लाख १ हजार रुपैयाँ र हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने अध्यक्ष सुजन पुनले बताए ।

सेमिफाईनलमा पुग्ने खेलाडीहरुलाई नगद ३०-३० हजार रुपैयाँ, राईजिङ स्टार र अनुशासित खेलाडीलाई स्नुकर स्टिकबाट पुरस्कृत गरिने खेल संयोजक शिशिर गुरुङले बताए ।

# वैदेशिक रोजगारीमा कतार गएका अर्यालको मृत्यु



गुल्मी । वैदेशिक रोजगारका लागि कतार पुगेका गुल्मीका एक युवाको शाव कतार पुगेको २५ दिनको दिन घर आएको छ ।

जिल्लाको मालिका गाउँपालिका ५, छापाहिलेका ३९ वर्षीय युवा उद्यमी झविन्द्र अर्याल घरबाट हिँडेको २५ दिनपछि शव आइपुगेको हो ।

यही फागुन ९ गते कतारमा सडक दुर्घटनामा परी निधन भएका आचार्यको शव कतार एयरवेजबाट काठमाडौं ल्याइएको थियो । काठमाडौंबाट हेलिकप्टरमार्फत् ल्याइ उनको परम्परागत अनुसार शाहघाट फूलबारीमा अन्त्येष्टी गरिएको छ । गुल्मी सेवा समाज कतारका पूर्व अध्यक्ष, वरिष्ठ सल्लाहकार एवं एनआरएन कतारका सह-कोषाध्यक्षसहित उनी विभिन्न संस्थामा आबद्ध रहेका थिए ।

यस्तै नेकपा एमाले निकट प्रवासी मञ्च कतारका संगठित सदस्य रहेका उनलाई नेकपा एमालेका सचिव तथा गुल्मी क्षेत्र नम्बर २ का सांसद गोकर्ण राजविष्टलगायतका नेता तथा कार्यकर्ताहरूले अन्तिम श्रद्धाञ्जली दिएका थिए ।

श्रद्धाञ्जली सभामा प्रवासी मञ्च कतारका अध्यक्ष चुरामणी कार्कीद्वारा हस्ताक्षरित शोक विज्ञप्ति लिएर प्रवासी मञ्च कतारका सल्लाहकार विजय बस्नेतसहितका टोली शाहघाट आइपुगेका थिए । कतारबाट आचार्यको शव ल्याई एनआरएनए कतारका कोषाध्यक्ष तथा गुल्मी सेवा समाज कतारका संरक्षक बुद्ध पाण्डे र एनआरएनए कतारका सदस्य राजेन्द्र काफ्ले आएका थिए ।

शाहघाटमा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य वीरबहादुर कार्की, नेपाली काङ्ग्रेस लुम्बिनी प्रदेश उप-सभापति भुवनप्रसाद श्रेष्ठ र एनआरएनएका कोषाध्यक्ष बुद्ध पाण्डेले शोक मन्तव्य राखेका थिए ।

आचार्यको पार्थिव शरीरमा पाँच वर्षका कान्छा छोरा जेनिस, १८ वर्षीय जेठा छोरा अर्जुन र माहिला छोरा रोशन आचार्यले दागबत्ती दिएका थिए । त्यस्तै उनकी धर्मपत्नी अमृतालगायतका परिवारजनले अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए ।

उनी माघ १८ गते मात्रै कतार पुगेका थिए भने त्यहाँ पुगेको २५ दिनमै शव आइपुग्दा परिवारजनसहित त्यस भेगका बासिन्दा भावविह्वल बनेका छन् ।

# लुम्बिनीमा त्रिपिटक वाचन गरिने



बुटवल । अखिल नेपाल भिक्षु महासङ्घले यही फागुन २० देखि २५ गतेसम्म लुम्बिनीमा त्रिपिटक वाचन गर्ने भएको छ । मुलुकमा धार्मिक पर्यटन प्रवर्द्धनका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा बौद्ध साहित्यको प्रचारप्रसार गर्ने उद्देश्यले बुद्ध जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा त्रिपिटक पाठ (वाचन) गर्न लागिएको हो ।

शाक्यमुनि बुद्धले बोधिसत्व प्राप्त गरेपछि करिब ४५ वर्षसम्म विभिन्न स्थानमा निरन्तर प्रदान गरेका उपदेश तथा आध्यात्मिक ज्ञान सङ्गहित ग्रन्थ त्रिपिटक हो । महासङ्घका कोषाध्यक्ष भिक्षु बोधिज्ञानका अनुसार अभिधर्म, सुत्र र विनय गरी तीन भागमा वर्गीकरण गरिएको त्रिपिटकलाई बौद्ध साहित्यमा मूल ग्रन्थ मानिएको छ ।

उक्त ग्रन्थलाई विभिन्न भाषामा अनुवाद गरिएको छ । थेरवाद, महायानलगायत सबै सम्प्रदायका बौद्ध धर्मावलम्बीले अवलम्बन गर्ने यो ग्रन्थलाई सम्बन्धित सम्प्रदायको धार्मिक प्रभावअनुसार अभ्यास गर्ने गरेको पाइन्छ । त्रिपिटक वाचनमा नेपाल, भारत, श्रीलङ्का, म्यान्मा, थाइल्यान्ड, कोरिया, जापानलगायत एसियाली देशका भिक्षु, धर्मगुरु र अनुयायीको सहभागिता रहनेछ ।

अन्तरराष्ट्रिय युवा भिक्षु महासङ्घका केन्द्रीय उपाध्यक्ष भिक्षु तपस्वीले अन्तरराष्ट्रिय समुदायलाई लुम्बिनीका पुरातात्विक महत्वका सम्पदास्थलबारे प्रचार तथा तीर्थाटनलाई प्रेरित गर्न, बौद्ध शिक्षा, साहित्य तथा दर्शनको महत्वबारे जानकारी गराउन त्रिपिटक वाचन कार्यक्रमले सहयोग गर्ने बताए ।

कार्यक्रममा बुद्ध वचनको सङ्ग्रह त्रिपिटकअन्तर्गतका विनय पिटक, सूत्र पिटक र अभिधर्म पिटकको वाचन गरिनेछ ।

# उत्कृष्ट विद्यार्थीलाई तिनाउ बोर्डिङ्को सम्मान




बुटवल । विभिन्न प्रतियोगिताका उत्कृष्टता हासिल गरेका विद्यार्थीलाई तिनाउ बोर्डिङ् स्कूलले सम्मान गरेको छ ।

बुटवल उप-महानगरपालिकाद्वारा आयोजित नृत्य प्रतियोगितामा दोस्रो स्थान हासिल गर्न सफल विद्यार्थीहरु सिम्रन हमाल, सिम्रन थापा, प्रतिष्ठा पुन, मेरिन केसी, समिक्षा श्रेष्ठ, सोनिङ थापा, आयुशा घिमिरे र एन्जल मगरलाई एक कार्यक्रमबिच विद्यालय व्यवस्थापन समिति अध्यक्ष यज्ञमूर्ति पाण्डे, प्राचार्य सीता पाण्डे र अतिरिक्त क्रियाकलाप प्रमुख नवीन शाक्यलगायतले सम्मान गरेका छन् ।

यस्तै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित जिल्लास्तरीय चित्रकला प्रतियोगितामा तेस्रो भएकी कक्षा ७ की प्रसिद्धी बस्नेत, रोट्र्याक्ट क्लब अफ तिनाउ बुटवलद्वारा आयोजित टेबलटेनिस प्रतियोगितामा उदियमान खेलाडीको उपाधि जित्न सफल कक्षा ५ का रोजित अधिकारीलाई पनि विद्यालयले सम्मान गरेको छ ।

सो अवसरमा विद्यालयका अध्यक्ष, प्राचार्य र अतिरिक्त क्रियाकलाप प्रमुखले शैक्षिक गुणस्तरसँगै खेलकुद, संगीत र अन्य अतिरिक्त क्रियाकलापमार्फत् विद्यार्थीको सर्वाङ्गीण विकासलाई विद्यालयले उच्च प्राथमिकतामा राखेर अघि बढेको बताएका थिए ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क: बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com